कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ४३ ने. सं. ११३२ तछलाथ्व दुतिया बुधवाः २०६९ जेठ १० गते बुधवार (May - 23, 2012) मुल्य : ५/- (न्यातका)

आदिवासी–जनजाति र सरकारवीच ९ बुँदे सहमति

तीनदिन सम्म देश जनजातिको कब्जामा

कीर्तिपुर सन्देश /

नेपालका आदिवासी जनजातिहरूले गत जेठ ७ गतेदेखि ९ गते तीन दिन सम्म एक ढंगवाट कब्जा नै गरि आमहड्तालालाई अदभूत रुपमा सफल पारेका छन्। सो क्रममा काठमाण्डौं उपत्यकामा आदिवासी नेवार समुदायको मानव सागर नै ओर्लेका थिए। जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना गर्नुपर्ने, समानुपातिक निर्वाचन प्रणाली लगायतका माग राखि आदिवासी जनजातिहरू आन्दोलनमा उत्रेका हुन।

विशेष गरि ललितपुरका नेवार समुदाय तीन दिनसम्म लगातार रुपमा लाखौंको संख्यामा सडकमा आएका थिए। त्यसैगरि काठमाण्डौं, भक्तपुर, थिमि मात्र नभई कीर्तिपुरमा पनि नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको आह्वानमा कीर्तिपुरवासी लगातार रुपमा तीन दिनसम्म आन्दोलनमा उत्रेका थिए। आन्दोलनकारी आदिवासी जनजातिहरूले पनि राजधानीका विभिन्न स्थानमा लगातार प्रदर्शन गरेको थियो।

आन्दोलनका क्रममा कीर्तिपुरको भत्केपाटी क्षेत्रमा बन्द विरुद्ध प्रदर्शन गर्ने प्रयास समेत गरेको थियो भने अन्ततः कीर्तिपुरवासीले तीन दिनसम्म पनि लगातार कीर्तिपुर क्षेत्रलाई ठप्प पार्न सफल भएको थियो। कीर्तिपुरमा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले

आज विहिवार विहान सरकार र आन्दोलनकारी आदिवासी जनजाति वीच भएको ९ बुँदे सहमतिको जानाकारी गराउदै धिमे बाजा बजाउँदै जुलुस समेत गरेको थियो। सरकार र आन्दोलनको नेतृत्व गरेको आदिवासी जनजाति संयुक्त संघर्ष समितिवीच मंगलवार राती संविधानसभामा ९ बुँदे सहमति भएको थियो। सो सहमति पछि आदिवासी जनजाति एवं नेवार समुदायले आदिवासी जनजाति आन्दोलनले उपलब्धी हासील गरेको महसूस गरेका छन्। सो क्रममा जातीय पहिचानको आधारमा संघीयता सहितको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी नेपालको नयाँ संविधान जारी गराउने, नयाँ संविधानमा समानुपातिक र समावेशी निर्वाचन प्रणाली अवलम्बन गरी समानुपातिक तर्फ न्यूनतम ६० र प्रत्यक्षतर्फ ४० प्रतिशत व्यवस्था गर्ने, राज्यको हरेक अंग र तहमा जाति, समुदाय, लैङ्गिक जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व नयाँ संविधानमा सुनिश्चित गराउने। सीमान्तकृत, अतिसीमान्तकृत तथा अल्पसंख्यक समुदायको हकमा अनिवार्य प्रतिनिधित्वको विशेष व्यवस्था गर्ने, आदिवासी जनजाति आन्दोलनको भावनालाई सम्मान गर्दै यस क्रममा गिरफ्तार सबैलाई बिना शर्त तुरुन्त रिहा गर्ने एवं लगाइएका मुद्दाहरु खारेज र आन्दोलनको क्रममा घाईते सबैको सरकारले निःशुल्क उपचार गर्ने लगायतका कुरा उल्लेख छन्। *बाँकी ३, ५ र ६ पेजमा*

दर्शनको बम्पर उपहार

नयाँ वर्ष २०६९ को आगमनसँगै यस सहकारीमा खाता खोल्ने ग्राहकलाई विभिन्न उपहारको व्यवस्था गरिएको सहर्ष जानकारी गराउँदछौं।

दैनिक वचत

रु. १०००/- MSI Laptop
रु. ८००/- 22 inch LCD TV
रु. ६००/- Semi Automatic Washing Mechine
रु. ५००/- 190 Ltr. Refrigirater
रु. ४००/- 21 inch Color TV
रु. ३००/- Nokia C 200 Mobile
रु. २००/- Karbon K-9 Mobilse
रु. १००/- Beetal GD 310 Mobile

नोट :

एक महिनाको बचत जम्मा गर्नेलाई वा दैनिक रुपमा एक महिनासम्म बचत गर्नेलाई उपहार प्रदान गरिन्छ।

दर्शन बचत तथा ऋण सरकारी संस्था

नयाँबजार, कीर्तिपुर-३ फो.नं. ४३३६७७६

नयाँ संविधानका लागि ५ दिन मात्र बाकि

हार्दिक धन्यवाद

सभासद मा.बुद्ध सायमि, कृष्णहरि महर्जन, तेजमान बज्राचार्य, उज्ज्वल महर्जन र अनुप महर्जन

कीर्तिपुर-१७ स्थित ढोकासी टोलका देउलाहरुलाई सांस्कृतिक धिमे बाजा किन्न आफ्नो सभासद कोषबाट आर्थिक सहयोग गर्नु हुने नेपाः राष्ट्रिय पार्टीका सभासद मा.बुद्ध सायमिज्यू, सहजकर्ता नेपाः राष्ट्रिय पार्टीका कृष्णहरि महर्जन, धिमे, खिँ, धाः मादल बजाउन हाम्रो अनुरोधमा सिकाउनु हुने नीलः सांस्कृतिक पुचः कीर्तिपुरकाआदरणीय गुरुहरु ब्याण्ड मैनेजर तेजमान बज्राचार्य, उज्ज्वल महर्जन र अनुप महर्जनलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

ज्ञान बहादुर देउला

ढोकासी, कीर्तिपुर

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

९ बुँदे सहमति अन्तिम हैन

नेपालका आदिवासी जनजातिहरूले जुन ढंगबाट आन्दोलन गरि सरकारसंग सहमति गरेको छ । त्यस सहमति एक किसिमवाट आदिवासी जनजातिका लागि उपलब्धी भने अवश्य पनि हो ।

जातीय पहिचानको आधारमा प्रदेश निर्माण गर्ने, आत्मनिर्णय, स्वायत्तता स्वशासन दिने र ६० प्रतिसत समानुपातिक निर्वाचनवाट प्रतिनिधित्व गराउने किसिमको निर्वाचन प्रणालीलाई लागू गर्ने भनी जुन ढंगवाट सहमति भएको छ यो अवश्य पनि आदिवासी जनजातिका लागि उपलब्धी भएको छ । आदिवासी जनजातिले उठाउदै आएका अधिकांश माग त यो सहमतिले पूरा गरिदिएको छ तर यो सहमति नै पूर्ण भने अवश्य पनि हैन । किनभने सो सहमति भनेको वर्तमान सरकारसंगको सहमति हो तर संविधान निर्माणका लागि सो विषय संविधानसभावाट पारित गरि संविधानमा उल्लेख नभएसम्म पनि त्यो सहमति अनुसार मुलुक चल्ने भयो भन्न सकिने अवस्था छैन ।

अहिलेको अवस्थामा कांग्रेस र एमालेका शीर्ष नेताहरूले स्पष्ट रूपमा जातीय पहिचानको आधारमा राज्य पुनर्सरचना गर्ने पक्षमा नभएको भनी सार्वजनिक रूपमा नै अभिव्यक्ति दिदै आएका छन् । ती शीर्ष नेताहरूले चाहना नगरेसम्म सो सहमति अनुसार संविधान निर्माण हुनेछ भन्ने विषयमा पूर्ण विश्वास गर्न सकिने अवस्था रहदैन । यसैवीच कांग्रेस र एमालेका सभासद्हरूले जातीय पहिचानको आधारमा राज्य पुनर्सरचना गर्नुपर्ने र अन्यथा पार्टीको ह्वीपलाई अस्विकार गरि कारवाही भोग्न समेत तयार भएको अभिव्यक्ति नआएका पनि हैन ।

आदिवासी जनजाति, माओवादी, मधेसवादी दलका सभासद्हरू एक मत भए आदिवासी जनजाति, मधेसीको माग पूरा गर्न सक्ने अवस्था नभएको हैन तैपनि नयाँ नयाँ षडयन्त्र गरि संविधान निर्माण कार्य नै नहुने अवस्था समेत रहेको कुरालाई ध्यानमा राखी अधिबढ्नुपर्ने अवस्था रहेको छ ।

यो व्यंग होइन संघीयताको बारे नेताहरु वीच भएको एउटा नमूना बहस हो

–ज्वजलपा सकसितं

MADHAV NEPAL : लिम्बुवान त एउटा ऐतिहासिक राज्य हो । त्यसैले एउटा राज्यको नाम Limbuwan राख्दा पनि बिग्रदैन । तर Newah नाम चाहिं राख्नु हुँदैन । मैले त सारा श्री सम्पत्ति बेचेर राजधानीमा घर किनी सकेको छु ।

JHALANATH : तपाईं चुनाब लडेको काठमाडौंमा चाहिं Newah राज्य भन्न नहुने । अनि म चुनाव लडेको इलाममा चाहिं Limbuwan ? यस्तो दोहोरो मापदण्ड र पक्षपात त हुनै सक्दैन नि !

K.P. OLI : लौ भन्नुस त माधवजी, Jhapa लाई मधेसमा राख्नु हुन्छ कि हुन्न त ? म त फेरि झापा बाटै चुनाव लड्नु छ ! फेरि बिगार्नु होला है ! मलाई बर्बाद हुने गरी राज्य पुनर्सरचना को काम अगाडि नबढाउनुस् है ।

के यस्ता नेताहरूले नयाँ युगले सुम्पेको देशको गह्रौ भारी बोक्न सक्ला त ?

पहिचान र सामर्थ्यको आधारमा संघीयता

– नारायण निङलेखु –

भारत स्वतन्त्र भएपछि अतिवादी हिन्दु युवक नाथुराम गोड्सेले सन १९४८ मा मोहनदास गान्धी अर्थात् महात्मा गान्धीलाई गोली हानी हत्या गरे । हत्याको कारण बारे बयानको सिलसिलामा उनले भनेका थिए, 'गान्धी महान हुन् । म उनलाई हृदयदेखि श्रद्धा गर्छु । उनीभन्दा महान् भारत माता हुन । भारत माताको विभाजन भयो र विभाजनको पीडा सहन नसकेर मैले गान्धीको हत्या गरेको हुँ ।'

सन १९४६ अघि मुहम्मद अलि जिन्ना वा उनको मुस्लिम लिगले स्वतन्त्र पाकिस्ताको माग गरेको थिएन । बरु उसले भारत विभाजित नहोस भनेर सन १९४६ मा क्याबिनेट मिसन मार्फत अधिकार सम्पन्न बलियो राज्य (प्रान्त) सरकारको व्यवस्था रहने गरी संघीय प्रणालीको योजना प्रस्ताव गरेको थियो । त्यसलाई इन्डियन नेशनल कांग्रेस र मुस्लिम लिग दुबैले स्वीकार गरेका थिए । अविभाजित भारतमा राज्य (प्रान्त) सरकार अधिकार सम्पन्न र बलियो हुनुपर्छ भन्नेमा जिन्ना सहमत थिए । यसले मात्र मुसलमानहरुको अस्तित्व र अधिकारलाई स्वतन्त्र भारतभित्र सुनिश्चित गर्न सक्छ भन्ने उनको विश्वास थियो । नेहरु भने अधिकार सम्पन्न बलियो केन्द्रिय सरकारका पक्षमा थिए । उनले राज्य (प्रान्त) सरकार अविचलित र अवशिष्ट अधिकार सम्पन्न हुनुपर्छ भन्ने कुरालाई अन्तिम समयमा अस्वीकार गरे । नेहरुको यस अडानले जिन्ना स्तब्ध भए । अलग राष्ट्र पाकिस्तानको सिर्जना हुनुपर्ने पक्षमा मुस्लिम लिगले निर्णय गऱ्यो । अन्ततः भारत विभाजित भयो ।

भारतको इतिहासले भन्छ, बहुलतापूर्ण समाजमा सबै जाति, सम्प्रदाय, वर्ग, क्षेत्रको पहिचान, अधिकार र सामाजिक न्याय सुनिश्चित गर्न सकिएन भने कुनै पनि मुलुकलाई अखण्ड राख्न गाह्रो हुन्छ । संघीय गणतन्त्र नेपालको राज्य पुनर्संरचना गर्ने अहिलेको अवसरमा यसलाई गम्भीरतासाथ मनन गर्नु जरुरी छ । नयाँ परिवेश र चेतनाप्रति सचेत नभई अघि बढ्न खोजिया भने यसले राष्ट्रिय अखण्डतालाई कुन हदसम्म चोट पुऱ्याउँछ, भन्न सकिन्न ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषता भएको, सामाजिक एवं भौगोलिकरुपले विविधतायुक्त मुलुक हो । केन्द्रीकृत शासन प्रणालीले गर्दा सबै जनतालाई समतामूलक ढंगले समर्थ बनाउन सकिएन, राज्य सञ्चालनमा समावेशी सहभागिता हुन सकेन, पुरातनवादी एकाधिकारवाद झझ झाँगिदै गयो, सामाजिक न्यायका कुराहरु अनुभूत गर्न पाइएन, मानवीय सुविधा र विकासका प्रक्रियाहरु केन्द्रीकृत भए, सन्तुलित विकासको अभावमा भौगोलिक क्षेत्रहरुवीच ठूलो खाडल देखियो । यसबाट राष्ट्रिय एकताको भावनामा ह्रास अयो । मुलुकको शान्ति तथा प्रगतिका लागि चुनौती देखा पऱ्यो । सत्ताबाट सँधै टाढा रहनुपर्ने, राज्य सञ्चालनमा समुचित सहभागिताको अवसर नपाउने, पहिचानको समस्या, पहुँच र प्रतिनिधित्वको अभावजस्ता न्याय, अधिकार र प्रगतिका सवाल सम्बोधन हुन नसकेको भन्ने आवाज उठाएर जनता आन्दोलित भए । यसले नै एकात्मक प्रणालीबाट मात्र अब मुलुक चल्न नसक्ने पुष्टि भएकाले संघीयता अँगाल्नुपर्ने बाध्यात्मक स्थिति पैदा भएको हो । यसलाई वर र पर सार्न खोज्नु राम्रो होइन । यस्तो प्रवृतिले विविधतामा एकता कायम गर्न सकिदैन ।

चिन्ताको विषय के हो भने यस्तो गम्भीर कुराप्रति नेता तथा सर ोकारवालाहरु जिम्मेवार र प्रतिवद्ध छैनन् । उनीहरुमा शंका र संकोच छ, निष्ठा र निःस्वार्थताको अभाव छ । यसले गर्दा नेपालमा परिस्थिति अलि अस्वाभाविक हुन थालेको छ । संघीय इकाईहरु अर्थात् प्रदेशहरु कति हुनुपर्ने, प्रदेश निर्धारणका आधारहरु के हुनुपर्ने र प्रदेशहरुको नामाकरण कस्तो हुनुपर्ने भन्ने विषयमा रडाको मच्चिर हेको छ । नेता अलमलमा छन । नेता, सरोकारवाला र कतिपय सञ्चारकर्मीको अभिव्यक्ति सुन्दा लाग्छ, नेपालमा संघीयताको प्रस्तावनामा घाँडो भएको छ जनतामा जातिवादी भावनाको विकास भएको छ, साम्प्रदायिकता बढेर गएको छ । देश विखण्डनतर्फ उन्मुख छ । जातीयताको विजारोपण गर्ने फलानो दल हो भनेर नेताहरु मञ्चमा भाषण गर्छन् । साम्प्रदायिकताको वातावरण सिर्जना गरेकोमा कतिको पश्चाताप लाग्छ भनेर पत्रकारले समेत नेताहरुलाई प्रश्न गछंन । सत्य यही हो त ? होइन । किनारामा परेका वा पारि एकाहरुको सवाल उठ्दा विगतदेखि राज्यसत्ताको पहुँचमा एकलौटी गर्नेहरुले जातिवादी, साम्प्रदायिक, विखण्डनउन्मुख भएको ठान्नु शुभसंकेत होइन । २००७ सालअघि जो राज्यसत्ताकै वरिपरि थिए, त्यसपछि पनि तिनै रहे । २०१७ सालपछि पनि तिनै । २०४६ सालपछि तिनकै एकलौटी । २०६२/६३ पछि पनि उनीहरु नै हावी ।

राजनीतिमा होस् वा राज्यका विभिन्न अंगमा पहुँचमा एकलौटी भइरहेको पृष्ठभूमिमा अरुले पनि समान सहभागिता, पहिचान, पहुँच, न्याय र अवसरका लागि उपयुक्त परिवेश, वातावरण र परिपाटीको निर्माण गरौं भनेर राज्य पुनर्सरचनाका सम्वन्धमा आफ्ना कुरा राख्दा जातिवाद र विखण्डनबाद देख्नु अनौठो होइन । यसबाट देश र जनताको भलाई हुँदैन । यसले त असहज भविष्यको संकेत गरिरहेको देखिन्छ । भौगोलिक निरन्तरता तथा प्रशासनिक सुगमतालाई समेत ध्यान दिएर पहिचानको आधारमा प्रदेशको नामाकरण मात्र कुरा गर्दा त यति धेरै अपाच्य हुन्छ भने भोलि समुचित पहिचान, पहुँच, प्रतिनिधित्व र समान सहभागिताको सिद्धान्त कार्यन्यन गर्नुपर्ने अवस्थामा के होला ?

के हो यो जातिवाद भनेको ? यो प्रश्नको जवाफ खोज्नुपर्ने भएको छ । जातिवाद भनिरहेका व्यक्तिले यसको परिभाषा वा व्याख्या गरिर हेका छैनन् । संघीयता किन चाहिएको थियो भन्ने कारणको उच्चारण सम्म गर्दैनन् उनीहरु । बुझ्न आवश्यक छ, विभिन्न मुलुकमा विभिन्न किसिमका संघीयताको प्रयोग भइरहेको छ । विभिन्न किसिमका संघीयताको अवलम्बन आ-आफ्नो पृष्ठभूमि, परिस्थिति र समयको मागअनुसार भएका छन । स्वतन्त्रतापछि संयुक्त राज्य अमेरिका र क्यानाडामा 'हामी एक होऔं' को भावनाले संघीयता स्थापित भयो । बेल्जियममा 'हामी एक रहौं' (होल्डिङ् टुगेदर) ले एकात्मक प्रणालीलाई छाड्दै संघीयताको बाटो अबलम्बन गरियो ।

बेल्जियमको पाठ :

पश्चिम युरोपको सानो तर सम्पन्न बेल्जियममा कुल जनसंख्या १ करोड २० लाख छ । यो मुलुकका तीन मुख्य समुदाय डचभाषी, फ्रेन्चभाषी र जर्मनभाषीबाट बनेको छ । सन १८३० मा स्वतन्त्र भएर एकात्मक प्रणाली भएको यो मुलुक सन् १९९३ मा संघात्मक भयो । जातीय तथा भाषिक बहुलता भएकाले बेल्जियमलाई संघीयताको आवश्यकता भयो, एकीकृत रहनलाई । भाषासम्बन्धी कानुनले मात्र सबै मुद्दाको सम्बोधन हुन नसकेकाले राज्य पुनर्संरचनाको प्रसंग सुरु भयो । सन १९७० को प्रथम संविधान संशोधनबाट राज्य पुनर्संर चनाको अभ्यास सुरु भयो । त्यसबाट डच, फ्रेन्च र जर्मनभाषी समुदायले औपचारिक मान्यता पाए अनि भाषा र संस्कृतिको आधार मा सीमित स्वायत्तता पाए । सन १९८०को दोस्रो संविधान संशोधनबाट भाषा र संस्कृतिमा आधारित समुदायहरुको राज्य व्यवस्थामा पहिचान, पहुँच र प्रतिनिधित्वलाई अझ सुनिश्चित गरियो । यी समुदायका आफ्नै संसद र सरकार हुने भए ।

यसबाहेक दुईटा भौगोलिक क्षेत्रको समेत निर्माण भयो । ती थिए फ्लेमिस क्षेत्र र बालोन क्षेत्र । ती क्षेत्रका आफ्नै संसद र आफ्नै सर कार भए । फ्लेमिस क्षेत्रको हकमा लेमिस भौगोलिक क्षेत्र (डच भाषी क्षेत्र) र डच भाषी समुदायको संसद र सरकार एकीकृत रहेको छ । बालोन क्षेत्रको हकमा फ्रेन्च भाषी समुदायको आफ्नै संसद तथा सर कार छ । बालोन भौगोलिक क्षेत्र (फ्रेन्च भाषी क्षेत्र)को अलग्गै संसद तथा सरकार छ । सन १९८९ को तेस्रो संविधान संशोधनद्वारा ब्रसेल्स(राजधानी क्षेत्रको स्थापना भयो जसको आफ्नै संसद र सर कार छ । यस संशोधनले समुदायलाई थप अधिकार प्रदान गऱ्यो र क्षेत्रीय एकाईहरुलाई मजबुत गऱ्यो । यसरी सन १९७० बाट सुरु गरि एको राज्य पुनर्संरचना प्रक्रियालाई सन १९९३ मा संविधानको चौथो संशोधनद्वारा पूर्णता दिने काम भयो । समुदायहरु र क्षेत्रीय एकाईहरुबाट बनेको पूर्णतया संघात्मक राज्य प्रणाली भएको राष्ट्रको रुपमा स्थापित भयो बेल्जियम । अब बेल्जियमको अभ्यासलाई जातिवादी भन्ने ? बिखण्डनवादी भन्ने ?

सार्थक संघीयता : नेपालमा पनि बेल्जियमले जस्तै हामी एक रहौं । होल्डिङ टुगेडरको समान उद्देश्यसाथ एकात्मक प्रणाली त्यागेर संघीयताको बाटो अबलम्बन गर्नु जरुरी छ । बिखण्डन होइन, बरु अनेकतामा एकताको भावना मजबुत बनाउन संघीयतामा जानु पर ेको हो । संघीय एकाईहरुको नाम जातीय, भाषिक, ऐतिहासिक, सांस्कृतिक विशेषताका आधारमा राख्नुपर्छ भन्दा जातिवादी, विखण्डनवादी भन्नु असहिष्णु प्रवृत्ति हो । अर्को कुरो, संघीयताको आत्मा भनेको आत्मनिर्णयको अधिकार हो । आत्माविनाको संघीयता खोक्रो हुन्छ । हामीले खोजेको खोक्रो होइन, सार्थक संघीयता हो । संघीयतालाई सार्थक बनाउन आत्मनिर्णयको अधिकार सुनिश्चित गर्नुपरेको हो । आत्मनिर्णको अधिकार भन्ने बित्तिकै देश टुक्राउने अधिकार ठान्नु जरुरी छैन । शान्ति, न्याय, अधिकार, समानता, विकास र अनेकतामा एकता भनेर संघीयता अबलम्वन गरिएकोले आत्म निर्णयको अधिकारलाई संयुक्त राष्ट्र संघीय अवधारणा अनुरुप बुझ्न र व्याख्या गर्नु जरुरी छ ।

पुरातनवादी मानसिकता र एकाधिकारवादको बेहोसी संस्कारले ग्रस्त नेताहरु खोला तर्न आँट गर्दैनन् । गहिराइ ठम्याउन गाह्रो मान्छन् । खोलापारिको दृश्य तुवाँलोले ढाकेको देख्छन् । कुनै उपायले खोला तरेर पारिपट्टि खुट्टा टेक्दा भासमा परिन्छ कि, चोट लाग्छ कि, अंगभंग हुन्छ कि, हराइन्छ कि भनेर डर र संकोचले धरमराइरहेका छन । अहिलेका अप्ठेरो यही हो ।

कीर्तिपुरमा बन्दका लागि भएका तयारी र बन्दका दृष्यहरु

नेवाः स्वायत्त राज्यका लागि नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले गत जेठ ६ गते शनिवार काठमाण्डौंको खुल्लामञ्चमा आयोजना गरेको नेवाः शक्ति प्रदर्शन अर्थात नेवाः वृहत्त सभा र एकल जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना गर्नुपर्ने, समानुपतिक समावेशी निर्वाचन प्रणाली लागू गर्नुपर्ने, राज्यका प्रत्येक निकायमा समानुपातिक समावेशी प्रतिनिनिधित्व सुनिश्चित हुनुपर्ने, आत्मनिर्णयको अधिकार सहित स्वायत्त स्वशासन हुनुपर्ने माग गर्दै आदिवासी जनजातिहरुको विभिन्न संघ संस्थादेखि राजनीतिक दल समेत सहभागी भएको आदिवासी जनजाति संयुक्त संघर्ष समिति नेपालले आह्वान गरेको देशभरीको आमहड्तालमा ऐतिहासिक नगर कीर्तिपुरमा नेवाः स्वायत्त राज्यको लागि लामो समयदेखि आन्दोलनमा उत्रिएको नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले गरेको विरोध प्रदर्शनदेखि कोणसभा, जुलुस, बन्द बजार, ठूला मिडिया हाउसले आदिवासी जनजाति एवं नेवार समुदायको गतिविधिको सवालमा गरेको पीत पत्रकारीताको विरुद्ध निकालिएको जुलुसका साथै विभिन्न कार्यक्रमका झलकहरू जस्ताको त्यस्तै तपाईको सामु प्रस्तूत छ दृष्यहरु

तीन शीर्ष नेताहरुले पहिचान विहिनको ११ प्रदेश बनाउन जेठ २ गते सहमति गरेको विरुद्ध सोही दिन राती नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले गरेको विरोध प्रदर्शन

जेठ ६ गते नेवाः शक्ति प्रदर्शनका लागि ५ गते धिमे बजाउदै प्रचारप्रसारमा सहभागी कीर्तिपुरवासी

५ गते बेलुकी शक्ति प्रदर्शन र तीन दिने आमहड्तालको प्रचारप्रसारको क्रममा बाघभैरवमा गरेको कोण सभा

५ गते दशौं हजारको मोटरसाईकल र्‍याली काठमाण्डौं, ललितपुर र भक्तपुर परिक्रमा पश्चात कीर्तिपुरमा आउँदै

आदिवासी जनजातिहरुले आह्वान गरेको आमहड्तालमा ठप्प भएको कीर्तिपुरको नयाँबजार

६ गते नेवाः शक्ति प्रदर्शनको क्रममा कीर्तिपुरवासीले त्रिपुरेश्वरवाट निकालिएको जुलुस

६ गते नेवाः शक्ति प्रदर्शनको क्रममा सहभागी सांस्कृतिक बाजाको तालमा कीर्तिपुरवासी नाच्दै

जेठ ७ गतेको आमहड्तालको क्रममा कीर्तिपुरवासीले कीर्तिपुरमा निकालिएको जुलुस र सुरक्षाकर्मी

ठूला मिडिया हाउसहरुले गरेको पीत पत्रकारीता विरुद्ध कीर्तिपुरवासीले पाँगा दोवाटोमा राखिएको पुत्ला

पीत पत्रकारीता विरुद्ध कीर्तिपुरवासीले पुत्ला दहनका लागि निकालिएको जुलुस

पीत पत्रकारीताको पुत्ला दहन पछि पाँगा दोवाटोमा भएको विरोध सभा र उपस्थित कीर्तिपुरवासी

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा	नेपाली भाषा
भुजिं –भिंगा ।	मले – माइज्यू ।
माकःचा – माकुरा ।	मय्जु – सुश्री ।
काउले – कछुवा ।	भाजु – श्रीमान ।
किमी– जुका ।	मचात – केटाकेटी।
मां – आमा ।	ससःकेहेँ– साली ।
अबु – बुबा ।	ससःकिजा–साला ।
अजा – बाजे ।	भौमचा–बुहारी ।
अजि – बज्यै ।	जिचा भाजु –
कलाः – स्वास्नी ।	ज्वाईं ।
भाःत – लोग्ने ।	कायचा– भतिचा
काय – छोरा	म्हयाय्चा– भतिजी
म्हयाय् – छोरी ।	सुपाँय् – बादल ।
दाजु – दाजु ।	धू – धुलो ।
किजा – भाइ ।	खसु – कुइरो ।
केहेँ – बहिनी ।	गुँ – डाँडा ।
ससः अबु – ससुरा	पुखु – पोखरी ।
ससः मां – सासु	तिमिला – जुन ।
चिरिमां–सौतेनी आमा	गुँच्व – हिमाल ।
चिरिबा–सौतेनी बुबा	गुँच्व – पहाड ।
पाजु – मामा	वाः – वर्षा ।

इङ्गलीस क्लब चेल्सी नयाँ युरोपेली च्याम्पियन

नवीन महर्जन

जर्मनीको म्युनिकमा सम्पन्न युरोपेली च्याम्पियन्स लिगको फाइनल खलेलमा इङ्गलीस क्लब चेल्सीले जर्मनी क्लब वायर्न म्युनिकलाई टाईब्रेकमा ४-३ गोलले पराजित गरी पहिलो पटक युरोपेली च्याम्पियन बन्न सफल भएको छ ।

३४ वर्षिय स्ट्राइकर डिडियर ड्रोग्वाको चमत्कारी प्रदर्शन र चेल्सीका गोलकिपर चेकको उत्कृष्ट बचाउले यो च्याम्पियनसीप हात पार्दै यस युरोपेली च्याम्पियन्स लिग जीत हासिल गर्न सफल भएको हो । गत शनिवार राति फाइनल खेलको ८३ औं मिनेटमा वायर्न म्युनिकमा थोमस मुलरले हेड मार्फत आकर्षक गोल गरी अग्रता दिलाएका थिए । खेल सकिन केवल २ मिनेट बाँकि हुँदा चर्चिट स्ट्राइकर ड्रेग्वाले हेड द्वारा नै गोल गरी खेल नतिजा १-१ को बराबरीमा सकियो । अतिरिक्त समयमा दुबै टोलिले गोल गर्न सकेन । वायर्न म्यूनिकले एक सुनौलो पेनाल्टी हिर्काउने अवसर पाएको थियो । ड्रोग्वाले आरेन र ोबिनलाई फल गरेवापत सो पेनाल्टी पाएका थिए तर चेल्सीका गोलरक्षक पिटर चेकले सो रोतिनको पेनाल्टी बचाएको थियो ।

ट्राइब्रेकरमा चेल्सीका जुवान माटाले प्रहार गरेको पहिलो कीक वायर्न म्युनिकका इभाच ओलिच र सास्टिन स्वाइन्सटाइगरले गोल गर्न असफल भई पराजित भयो भने चेल्सीको तर्फबाट ड्रोग्वाले निर्णायक गोल गर्दै विजयी भएको थियो ।

स्मरणरहोस यस प्रतियोगिताको सेमिफाइनल खेलमा डिफेन्डिङ च्याम्पियन रियल म्याड्रिडलाई पराजित गरी फाइनलमा स्थान सुरक्षित गरेको थियो ।

यस सिजनको अन्ततिर यस युरोपेली च्याम्पियन बनेर चेल्सीले आफ्नो नयाँ इतिहास कोर्न सफल भएको छ । युर ोकपको पूर्व सन्ध्यामा यो जितले फुटवल खेललाई अझ रोचक बनाइएको छ । वास्तवमा युरो कपलाई विश्वकप भन्दा चुनौतीपूर्ण र प्रतिस्पर्धात्मक प्रतियोगिताको रुपमा लिने गरिन्छ । युरोपका चर्चिट १६ टिम अर्थात् राष्ट्र वीच हुने यो प्रतियोगिता आगामी महिनामा युक्रेन र पोल्याण्डमा सुरु हुँदैछ । यता काठमाण्डौंमा भएको एएफसी यू -१४ फेस्टिवल अफ फुटवल-२०१२मा नेपालले आफ्नो प्रदर्शन राम्रो गरेको छ । आयोजक नेपाल सहित वंगलादेश, भुटान, भारत र श्रीलंकाका २/२ टिमले सहभागीता जनाइएका थिए । यो फेस्टिवलको आयोजना नयाँ फुटवल खेलाडीहरुको अनुशासन खेल कौशल एवं शैलीको विकास गर्ने उद्देश्यले गरिएको हो । नेपाल लगायत एशिया विभिन्न स्थानमा एकै साथ संचालन भएको यो फेस्टिवल हो । एन्फा कम्प्लेक्समा सम्पन्न यो फेस्टिवलमा खेलाडीहरुलाई बढीभन्दा बढी खेल खेलाई उनीहरुको आधार भूत खेल विकास गर्ने हेतुले संचालन गर्ने गरिन्छ । उनीहरुको व्यक्तिगत एवं सामूहिक मुल्याङ्कन पनि गरिन्छ । खेल जित हार भन्दा पनि खेलप्रतिको इमान्दारिता र कौशललाई मूल्याङ्कन गर्ने गरिन्छ । यो प्रतियोगिता एवं फेस्टिवल शनिवारदेखि शुरु भइ सम्पन्न भएको थियो । शनिवार सम्पन्न नेपालको ३ खेल मध्ये बंगलादेशसँग गोलरहित बराबर तथा दोस्रो खेल श्रीलंकासँग ५-० गालले जित र नेपालको दोस्रो टिमले बंगलादेशसँग १-० गोलले जित हासिल गरेको थियो । त्यसैगरी आइतवार सम्पन्न खेलमा नेपालले ३ खेलमा जित र भारत ए सँग गोलरहित बराबर खेलेका थिए । मंगलवार भएको २ खेलमा पनि नेपालले विजय हासिल गरेको छ । यो फेस्टिवल राउण्ड रोविन लिगको आधार मा खेलाएको थियो ।

हार्दिक श्रद्धाञ्जली

जन्म :
वि.सं. १९९२
पौष २२ गते

स्वर्गारोहण :
वि. सं. २०६९
बैशाख २३ गते

स्व. काजिलाल महर्जन

पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि.का शेयरधनी विष्णुलाल महर्जन र सदस्य इन्द्रलाल महर्जनका पिता **काजिलाल महर्जन**को २०६९ साल बैशाख २३ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनले धैर्यधारण गर्न सकोस भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि.

पाँगा, ध्वाखासी कीर्तिपुर -९, फोन नम्बर : ०१६२०७८१३

मङ्गल उच्च मा.वि.को स्वर्ण जयन्तिको कार्यक्रम

कीर्तिपुर नयाँबजारस्थित मङ्गल उच्च मा.वि. २०१९ साल जेठ १ गते स्थापना भएको मानि २०६९ जेठ १ गते पचास वर्षमा प्रवेश गरेकोले यो वर्षलाई विद्यालयको स्वर्ण जयन्तिको रुपमा मनाउने क्रममा गत जेठ १ गते विद्यालयको साईनवोर्डमा मालार्पण गरी सुरुवात गरिएको थियो । सोहीक्रममा जेठ ६ गते विहान वाकाथनको आयोजना गरियो । प्रमुख अतिथि रवि डंगोल 'वेइमान' र पल्पसा डंगोल (चम्सुरी) रहेको थियो भने अतिथिहरुमा राजाराम भट्टराई, लक्ष्मी के.सी लगायतका कलाकारहरु हुनुहुन्थ्यो ।

त्यसको अलावा ओलम्पिकमा पदक विजेता बक्सर दिपक महर्जन, वास्केटबलका अन्तरराष्ट्रिय रेफ्रि राजकुमार महर्जन र त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. हिरा वहादुर महर्जन पनि अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । प्रमुख अतिथि र अतिथिहरुलाई प्राचार्य प्रदिप महर्जन र वि.व्य.समितिका अध्यक्ष प्रा.डा. शिवरशण महर्जनले खादा ओढाई मायाको चिनो पनि प्रदान गरिएको थियो ।

प्रमुख अतिथिद्वय रवि डंगोल र पल्पसा डंगोलले संयुक्त रुपमा मङ्गलको स्वर्ण जयन्ति लोगोको उद्घाटन गर्नु भएको थियो । त्यसको लगतै अतिथिहरुबाट शान्तिको प्रतिक परेवा उडाइएका थिए ।

मङ्गल स्कुलबाट सुरु भएको वाकाथन पाँगा, नगाउँ र कीर्तिपुरको परिक्रमा गरी मङ्गलमा आएर समापन गरिएको थियो ।

थुनुवाको डायरी–४५



२०६७/०८/०९ विहिवार पचास दिन

म भद्रवन्दी गृह पसेको आज पचास दिन भयो । पचासवां दिन । पचास-सयको ठूलो महत्व हुन्छ । भोलि मेरो १७ नं.मा पेशी छ । त्यो पेशीमा बहस हुन्छ कि हुँदैन ।बहस भएपनि म सामान्य तारिखमा छुट्छु कि छुट्दिन । यी सबै यावत कुराहरू मेरो मनमा खेलिरहेको छ । अस्ति कार्तिक २५ गतेको पेशीको बेला मेरो मन यति उत्साहित भएको थियो कि पेशी सर्दा म दुई दिन विरामी नै भएँ । त्यसैले मंसिर ३ गतेको पेशीमा म त्यति उत्साहित भइन । अहिले त मैले मतलव नै राखिन । छुटे बाहिर जाउँला, नछुटे यहिं बसुंला । आफूले केही गर्न सक्ने होइन ।

सँधैझै आज पनि ४ बजे निद्रा खुल्यो । उठेर गएर नित्य कर्म गरें । डाँडामा गएर एउटा चुरोट पिएँ । मजस्तै निद्रादेवीको काखबाट विस्थापित भएका मानिसहरू फात्तफुत्त आइरहेका छन, मजस्तै मनको पीडा विसाउन चुरोटको सहारा लिदै एकछिन धुवां फ्याक्न आएका छन । नम्बर लागेको छैन त्यसैले कुरा गर्न मिल्दैन । सुँइसुँई चुरोट तान्यो, धुवां उडायो आयो । आकाशमा हेरें । आकाश सफा नै छ । कुकुल्यां कू' कुखुरा बास्यो । कोठामा आएर डायरी लेख्न थालें ।

५.४५ बजे उठेर बाहिर घुम्न गएँ । ६.४५ बजे चिया खाएर ओमशान्तिमा गएँ । आजको मुर लीमा मानिसलाई नरबाट नारायण बन्न प्रेरणा दिएको रहेछ । राम्रो विचार, र ाम्रो व्यवहार र कर्मले मानिस नारायण बन्न सक्छ । अब म ब्रम्हा बाबाको चेला भएर यो स्वार्थी दुनियाबाट अलग्ग रहन चाहन्छु ।

ओमशान्तिवाट कोठामा आएँ । डायरी लेखुं भनेर कापी कलम तयार पारें । डायरी के लेखुं ? कसको बारेमा लेखुं ? जति लेखे पनि सकिदैन । लेख्न थालें भने मलाई ती बच्चाहरूको याद आउँछ । जसको कारण आज म बाहिरी दुनियाँबाट अलग्ग भएर यो चारपरखालभित्र बस्नु परिरहेको छ । अझसम्म पनि मलाई विश्वास लाग्दैन उनीहरूले मप्रति यस्तो गम्भिर आरोप लगाएको होला । मलाई बा र डैडी भनी नथाक्ने छोरीहरूले आज मलाई किन पराई ठाने ? मेरो मुहार अलिकति मात्र मलीन भयो भने चिन्तित हुने छोरीहरू आज कसरी मन बांधि राखेको होला ? म बुढो अशक्त भन्ने उनीहरूलाई थाहा छ । त्यसैले त म पाँगामा गइरहेको बेला अलिकतिमात्र पानी पऱ्यो भनेपनि दुवैजनाले दुईतिर हातको पाखुरा समातेर मलाई कीर्तिपुरसम्म पुऱ्याउन आउँथे । माया दोहोरो हुन्छ । त्यसैले त म पनि उनीहरूलाई त्यतिकै माया गर्थें । उनीहरूलाई कसैले केही भन्यो भने म रिसाइ हाल्थें । प्रेम अन्धो हुन्छ भनेको साँच्चीकै रहेछ । मानिस कतिसम्म स्वार्थी हुनसक्छ भन्ने प्रमाण अहिले मैले पाइरहेको छु ।

I Love You भन्ने SMS देखेपछि मैले उनीबाट मोबाईल खोसें । उनलाई घरबाट निकाल्ने कुरा गरें । उनी त मोबाईल बिना बस्नै नसक्ने भैसकेकी रहिछिन । उनले स्कूलमा मोबाईल चोर्दा समाते । यो कुरा मैले थाहा पाएँ भने उनलाई एक मिनेट घरमा र ाख्दिन भन्ने थाहा पाएर आफ्नो इज्जत जोगाउन मेरो इज्जतमाथि खेलवाद गरिन । आफ्नो भविष्य चौपट पारिन । हुन त उनीहरूलाई भविष्यको के चिन्ता ? अलिकति ठूली भइन भने विवाह गर्न हतार । बिहे गरेर २/३ जना बच्चाहरू जन्माउँछन । उनीहरू बुढी हुन्छिन । अनि लोग्नेले अर्को तरुनी केटी लिएर भाग्छन् । अनि उनीहरू भाग्यको खेल भनेर बच्चाहरू पालेर बस्छन । तीनैजना केटीहरूकी आमाहरूको नियति यस्तै त छ नि । उनीहरूका लोग्ने मरेका छैनन् तर कसैसँग लोग्ने पनि छैनन् । यस्ताले मलाई के मान्छन ?

परिसद ड क भन्ने केटी हेर पहिले आउँदा कति सिधासाधा सोझी देखिन्छिन । गाउँकी केटी, धर्ममा आस्था राख्ने केटी भएर मैले माया र विश्वास गरेर २०६६ सालको दशैंमा नरेश बटालासँग गाउँ पठाई दिएँ । त्यसबेलादेखि उनीहरूको प्रेम भएको रहेछ । धेरैदिन पछिमात्र थाहा पाएँ । उनलाई त्यसरी केटाहरूसँग नहिंड भनेर सम्झाएँ । उनले मानिनन् । मैले दशैंमा घर खाली गराउने निर्णय सुनाए पछि उनीहरू मेरो विरुद्ध खनिएका हुन । आफ्नो प्रेम असफल हुने देखेर मेरो माया, स्नेह र नाता चटक्क बिर्सेर ममाथि अमानवीय आरोप लगाइन । मैले सिकाएको वाण ममाथिनै चलाइन । केटाहरूले जिस्क्याए चप्पल हानेर आउनु, तिमीहरूको जिउ छुन आयो भने प्रहरीमा गएर एउटा निवेदन हाल्यो भने उनीहरूलाई ६ महिना कैद हुन्छ भनेर सम्झाएको थिएँ । आज उनीहरूले ममाथिनै प्रयोग गरे । बच्चाहरू हो यसको परिणाम के हुन्छ भनेर सोचेन । अहिले पछुटाइ रहेको होला । अब उनीहरूको बारेमा नसोचुं ।

ठिक समयमा खाना खाएर कोठामा आएँ । रेडियो सुनें । रेडियोमा समाचार दियो आज मंसिर ९ गते अर्थात २५ नोवेम्बर २०१० आज विश्वभरि महिला लैंगिक विभेद दिवस मनाइरहेका छन । यो समाचार सुनेर मेरो मनमा कुरा खेल्न थाल्यो ।

नेपालमा पनि यो दिवस धुमधामले मनाइरहेको होलान । कति पाँच तारे, तीन तारे होटलहरूको हल बूक भएका होलान । कति सभा, गोष्ठी हुँदैछ होलान । आज कति महिलावादी संस्थाका डलर धारी महिलाहरू पुरुष प्रधान समाजलाई गाली गरिरहेका होलान । महिला अधिकारको लागि कुर्लि रहेका होलान । त्यसरी कुर्ले वापत कति डलर पचाउने होलान । यिनीहरू महिला तथा वाल वालिकाका कति हितैषी हुन, कति दुश्मन हुन छुट्याउन गाह्रो छ । किनभने यिनीहरूले आफ्नो मुहारमा मानवतावादी या महिला मुक्तिदाताको मुखौटा लगाएका छन । यो भद्रवन्दी गृह एउटा समुद्र हो । समुद्रमा जसरी विभिन्न थरिका, विभिन्न जातका माछा लगायत जलचरहरू हुन्छन् । त्यस्तै यहाँ विभिन्न अभियोगमा वन्दी बनाईएकाहरू छन । जसमध्ये सबैभन्दा बढी लागु औषध, महिला तथा बालबालिका र वन सम्वन्धित नै छन । किनभने सबैभन्दा बढी वर्ष कैद पाउने मुद्दा पनि यिनै हुन । मान्छे माऱ्यो भने सजाय भए वीस वर्ष, त्यसमा पनि आधा सजाय मिनाहा भएर दसवर्षमा छुट्छन् । हातहतियार खरखजाना, लुटपाट, डाँकाजनी, ठगी इत्यादिमा ३ वर्षदेखि १० वर्ष सम्म सजाय हुन्छन् । जसमा आधा सजाय मिनाहा पाउँदा छिट्टै छुट्छन् । अरू अपराधमा एक दिन पनि मिनाहा हुँदैन । अनि एकचोटि यहाँ पसेकाहरू जरा गाडेझै बसि र हनु पर्छ । यो महिला समानता र न्यायका नाममा विदेशवाट डलर आउन थालेपछि एनजिओहरूले जमिनमा गाडिसकेका मुद्दाहरू पनि खाल्डो खनेर बाहिर निकाल्छन । भए नभएका आरोप लगाएर मुद्दा चलाउँछन । यसले धेरैको जिन्दगी वर्वाद पारी दिएको छ । आज मलाई कसैले पनि भेटघाट गर्न आएन । मलाई कहिं जान मन लागेन । कहानी लेखिरहें । बेलुका खाना खाएर ओमशान्तिमा गएँ । त्यहाँबाट आएर सुतें ।

क्रमश.....

तीने दिने बन्दमा कीर्तिपुरमा के के भयो ?

गत जेठ ३ गते ठूला दलका ३ जना नेताहरुले नामांकन र सिमांकन विनाको ११ प्रदेशको सहमति जनाएपछि नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरले त्यसको विरोधमा त्यही बेलुका नार ा जुलुस सहित कीर्तिपुर परिक्रमा गरियो । जसमा परिषदका नेताहरुले नामांकन र सिमांकन नभएको ११ प्रदेश कुनै पनि हालतमा मान्न नसकिने नेवाः र ाज्य कुनै पनि हालतमा नछोड्ने प्रतिवद्धता जनाएका थिए ।

जेठ ५ गते जेठ ६ गतेको नेवाः जनप्रदर्शनको प्रचारको लागि आयोजना गरिएको मोटर साईकल ऱ्यालीमा कीर्तिपुरबाट सयौं जनाले सहभागीता जनाएका थिए । मोटरसाईकल ऱ्याली बसन्तपुरमा भेला भइ काठमाडौं, भक्तपुर, ललितपुर र कीर्तिपुर को परिक्रमा गरी काठमाडौंको त्रिपुरेश्वरमा पुगी समापन गरि एको थियो । त्यही बेलुका नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरले कीर्तिपुरको बाघभैर वस्थानमा एउटा सभाको आयोजना गरिएको थियो ।

जेठ ६ गते विहान खुल्लामंचमा हुने जनप्रदर्शनमा भाग लिन कीर्तिपुरवासीलाई आव्हान गर्दै नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरले धिमे बाजा बजाउँदै नगाउँ, पाँगा र कीर्तिपुरको टोल टोलमा घुमेको थियो । त्यही दिन दिउँसो खुल्ला

मञ्च जानेक्रममा कीर्तिपुरवासी त्रिपुरेश्वरमा भेला भै नारा जुलुससहित काठमाडौंको नयाँ सडक हुँदै भोटाहिती भएर खुल्ला मञ्च गएको थियो ।

जेठ ७ गते नेवाः स्वायत्त र ाज्य मंकाः परिषद कीर्तिपुरको नेतृत्वमा नारा जुलुस गर्दै कीर्तिपुर को परिक्रमा गरिएको थियो । नारा जुलुससहित भत्क्यापाटी जुलुसमाथि भत्क्यापाटीमा संघीयता विरोधीहरुले घरको छतबाट ढुंगा प्रहार गरेपछि एकछिन झडप भएको थियो । स्थानीयबासीहरु खुकुरी, तरवार लिएर आक्रमणमा उत्रेपछि बन्दकर्ताहरुको भागाभाग भएको थियो । यदि त्यहाँ पाँच मिनेटमात्र वन्दकर्ताहरु बसेको भए ठूलै धनजनको क्षति हुने थियो । यो खबर कीर्तिपुरमा पुगेपछि कीर्तिपुरबाट हजारौं संख्यामा बन्दकर्ताहरु पुगेको थियो । तर मंकाः परिषदका नेताहरुको सुझबुझले कुनै किसिमको अप्रिय घटना भएन ।

जेठ ८ गते विहानै आन्दोलनकारीहरु लोकतान्त्रिक चोकमा भेला भएर नारा जुलुससहित कीर्तिपुर परिक्रमा गरिएका थिए । जसमा हजारौं कीर्तिपुरवासीको सहभागीता रहेको थियो । आन्दोलनकारीहरु दिनभरि सडकमा बसेर बन्द सफल गर एका थिए । त्यसदिन कुनै पनि विद्यालय खुलेको थिएन । १२ बजेपछि बैंक, सहकारी सबै बन्द भएका थिए । कीर्तिपुरको एउटैमात्र स्विमिंग पुल पनि बन्दकर्ताहरु गएर बन्द गराएका थिए । तोडफोड हुने डरले नेवाः स्वायत्त राज्य मंकाः परिषदका नेताहरुले होशियारीपूर्वक नेतृत्व गरिएका थिए । बन्दकर्ताहरुको आव्हानलाई मानेर सबैले सहयोग गरेका कारण कुनै किसिमको अप्रिय घटना घटेन । प्रहरी निर ीक्षक ज्ञान कुमार महतोको सुझबुझ र व्यवहारले पनि अप्रिय घटना नघटेको देखिन्छ । आदिवासी जनजाती महासंघले यत्रो आन्दोलन गरिरहँदा पनि पत्रिकाहरुले कुने समाचार नदिएको कारण आन्दोलनकार ीहरुले एक पक्षीय रुपमा समाचार प्रकाशित गरिरहेका राष्ट्रिय पत्रिकाहरुको पुत्ला बजार परि क्रमा गराइ पाँगा दोबाटोमा ल्याएर पुत्ला दहन गरेका थिए ।

जेठ ९ गते तेश्रो दिन विहान सात बजेदेखि नै बन्दकर्ताहरुले नारा जुलुस गरी कीर्तिपुर, पाँगा, नगाउँ क्षेत्र परि क्रमा गरी पाँगा दोबाटोमा आइ धर्ना दिएका थिए । अरु दिन भन्दा त्यस दिन सहभागिता व्यापक थिए । महिला पुरुष को बराबरी सहभागिता रहेको जुलुसले बैंक, सहकारी लगायत सम्पूर्ण पसल कल कारखाना बन्द गराउन हिंडेका थिए । कीर्तिपुर वासीले आन्दोलनलाई पूर्ण समर्थन गरिएको थियो । बच्चाहरुको साईकल बाहेक अरु साइकलसम्म पनि चलेको देखिएन । सबैले सहयोग गरेको कारण कुनै अप्रिय घटना भएन ।

नगांउँका जेष्ठ नागरिकहरुको विहार भ्रमण

नगां ज्ञानमाला भजन खलः अन्तर्गतको बृद्ध सेवा समिति नगांको आयोजनामा गत बैशाख ३० गते शनिवार कीनपा वडा नं १६ का भिमारोथण गरिसकेका ४० जना बृद्धबृद्धाहरुलाई एक कार्यक्रम गरी काठमाण्डौंको विभिन्न विहार भ्रमण गराइयो । नगाउँ लाछीमा पहिले स्वास्थ्य परिक्षण गरियो । स्वस्थ्य रहेका ४० जना बृद्धबृद्धाहरुलाई बसमा राखी सर्वप्रथम कीर्तिपुर देवढोकास्थित गुम्बा भ्रमण गराइयो । त्यसपछि सुलक्षण कीर्ति विहार सुन्दरीघाट, मातातीर्थ स्थित बुद्ध विहार र बलम्बु विहार भ्रमण गराइएको थियो ।

सम्झनाको चिनोको रुपमा बृद्धको साने मुर्ति सुलक्षण विहारमा नगां ज्ञानमाला भजनका संरक्षक नरवहादुर महर्जनले प्रदान गर्नुभयो । मातातीर्थ बिहारमा अष्टवहादुर डंगोल, बलम्बुमा बृद्ध सेवा समितिका अध्यक्ष हिरा डंगोलले सम्झनाको चिनो बुद्ध मुर्ति प्रदान गरियो । भिमसेन दास महर्जनले सबै ठाउँमा क्यालेण्डर वितरण गर्नु भयो । त्यसैबेला मातातीर्थमा ३६ फुटको बुद्ध मुर्ति बनाउन नगां ज्ञानमाला भजन खलःको तर्फबाट रु.४३००/ सहयोग प्रदान गरियो । त्यस्तै बलम्बु विहारको सहयोगको लागि रु.५०००/ प्रदान गरियो । बलम्बु विहारमा सहभागी सबैजनालाई भोजन गराइएको थियो । विहार घुम्ने क्रममा विहारका भिक्षुहरुबाट बृद्ध जीवन कसरी बिताउने भन्ने उपदेश पनि दिइएको थियो । सुमगल पूर्वक साँझ नगाउँ फर्कन सफल भयो ।

पेट्सानले उपत्यकाव्यापी वक्तृत्वकला प्रतियोगिता गर्ने

विगत एक वर्ष पहिले देशभरका शैक्षिक क्षेत्रमा गैर नाफामूलक रुपमा सेवाभावले सञ्चालित सार्वजनिक शैक्षिक गुठी अन्तरगतका विद्यालयहरु लाई गोलबन्द गर्दै स्थापना भएको सार्वजनिक शैक्षिक गुठी विद्यालय संघ नेपाल (एगदष्अि भ्मगअबतष्यलबर्ा त्चगकत क्अजययकि ब्ककयअष्बतष्यल ल्भउबर्ा० एभ्त्क्ब्ल को वार्षिक कार्यक्रम अनुसार यही २०६९ जेठ २६ गते शुक्रवारको दिन पाँगा सेकेण्डरी बोर्डिङ्ग स्कूलको आयोजनामा "संबृद्ध नेपालका आधारहरु" विषयमा उपत्यका व्यापी वक्तृत्व कला प्रतियोगिता हुन गइरहेको छ ।

यस प्रतियोगितामा सम्पूर्ण सरकारी, निजी गुठी तथा संस्थागत विद्यालयका विद्यार्थी हरुले भाग लिन सक्ने पाँगा मा.वि.का प्रधानाध्यापक रमेश मान महर्जनले बताउनु भयो । उक्त प्रतियोगितामा भाग लिन औपचारिक रुपमा सबै विद्यालयमा सहभागिताको लागि पत्र पठाईसकेको जानकारी दिनुभयो ।

मनको लड्डु घिउसँग खानु

ब्यंग सन्देश

सरष कुमार महर्जन

सुन्दर, शान्त, समृद्धि संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको परिकल्पना पनि एउटा नक्शा हो । यो परिकल्पना कसैको सपना पनि हुनसक्छ । यो परिकल्पना कुनै दिन विपना पनि हुनसक्छ ।

त्यसैले मैले पनि एउटा परिकल्पना गरें, त्यो परिकल्पना सँग अधिकांस नेपाली राजनीतिक नेताहरुसँग मिल्दाजुल्दा पनि हुन सक्छ । त्यो परिकल्पना सबै नेपालको चाहनाको विषय पनि हुनसक्छ । परिकल्पना सबै मानिसहरुको अधिकार पनि हो । परिकल्पनालाई यथार्थमा बदल्नुको लागि यो अहिलेको प्रसव वेदना भएको पनि

हुनसक्छ । एउटा सुन्दर बालबालिका जन्माउन आमाले जति प्रसव वेदना खेप्नु पर्दछ । त्यस्तै गरी नयाँ नेपाल भनौं या समृद्धि नेपाल निर्माणको लागि यो पिडा भएको पनि हुनसक्छ । कसैले आफ्नो व्यक्तिगत जीवनमा सुखशान्ति, सम्पन्न, स्वस्थ, मानमर्यादित भएको, उच्च ओहदामा पुगी देश र जनताको सेवा गरिरहेको परिकल्पना पनि गर्नसक्छ । त्यसैले मैले पनि एउटा परिकल्पना गरें ।

२०६९ जेठ १४ गतेका दिन नेपालको अन्तरिम संविधानलाई विदा गरी संविधान सभा हल नयाँ बानेश्वरबाट सम्मानीय प्रधानमन्त्रीले संविधान जारी गर्नुभयो । नेपालको सबै जनजाती, दलित, महिला, क्षेत्री, बाहुन लगायत सबैको सम्मानजनक रुपमा संविधानमा उल्लेख गरी ११ प्रदेशको, राष्ट्रपति प्रत्यक्ष निर्वाचित भई अलंकारिता भएको, ससदबाट प्रधानमन्त्री चयन गरिने तर ऊ देशको मुख्य कार्यकारी भएको शासन लागु हुनेभयो । सबै नेपालीहरुले यो संविधानलाई हार्दिक स्वागत गरेको र सबै नेपाली खुशी भइ त्यो रात घर घरमा दीपावली गरेको, सार्वजनिक चोक मठमन्दिरमा धुमधामले दीपावली गरियो । नेताहरु एक आपसमा सहमती, सहकार्य र एकता भइ नेपालीहरुको हरेक दुःख र सुखमा पनि साथ दिने बचनबद्ध भएको देखियो । सबै नेताहरु यो चारवर्षमा एकले अर्कालाई सकारात्मक भूमिका खेलेकोमा अंकमाल गरी शुभकामना तथा बधाई दिंदै गरेको पाइयो । अब सबै पेशाकर्मीहरुको, उद्योग वाणिज्यको पनि स्थान भएको, कृषिको विकास, सहकारीको विकास, मजदुरको हकहितको प्रत्याभूति भएको संविधान जारीले सबै खुशी भएको अवस्था बन्यो ।

नयाँ नेपालमा उच्च शिक्षा निशुल्क, स्वास्थ्यमा निशुल्क, यातायातको अत्याधिक सुविधा भएको, बालबालिका, जेष्ठ नागरिकहरुको छुट्टै सुविधा भएको अवस्था बन्यो ।

अबदेखि यो देश भ्रष्टाचार मुक्त देश बन्ने भयो । देशमा शान्ति अमनचयन कायम हुने भयो । नातावाद, कृपावाद निर्मूल हुनेभयो । देशमा के बालबालिका, के युवा, के बृद्धा सबैको लागि राहतमुलक कार्यक्रम संचालन हुनेभयो ।

देशमा समानुपातिक रुपमा विकास हुनेभयो । घरमा चौविसै घण्टा पानी, विजुली हुने भयो । स्वच्छ सफा हराभरा गाउँ नगरको अवस्था बन्ने भयो ।

विश्वको अग्लो हिमाल सगरमाथा, शान्तिको दूत बुद्धको जन्मथलो, अरनिकोको मातृभूमि, सिता र जनकको मातृभूमि, हिमाल पहाड र तराइको बलियो एकता भएको, संघिय नयाँ नेपालको परिकल्पना साकार भएको, नयाँ नेपालको साकार भएको मुलुक भएकोमा विश्वमा शानका साथ आफ्नो पहिचान बनाएको मुलुकको रुपमा पाउँदा विश्वको कुनै पनि अन्य देशमा जाँदा पनि सम्मानको दृष्टिले हेरेको, नयाँ नेपाल बनाएको हुनाले सबै नेपाल खुशी भएको परिकल्पना गर्नु पनि सौभाग्य हो ।

सायद यो परिकल्पना सबै नेपालीहरुको साझा कल्पना र सपना हुनसक्छ । ज्ञान विज्ञानले फद्को मारेको नयाँ नेपाल, समृद्धि नेपाल, भेदभावरहित नेपाल, आर्थिक विकास नेपाल, औद्योगिक विकास भएको नेपाल, सबैले सबैको मान सम्मान भएको देश ।

तर यो कल्पना भन्दा पृथक भएर स्वार्थी भावनाले देश बिगार्नेहरु पनि होला । तर उनीहरुको सपना सपनामै रहेको हुन त राम्रो राम्रो सपना देख्नु पनि मनको लड्डु घिउसँग खानु उखान जस्तो नहोस् ।

कुनै दिन नेपालीको यो इच्छा पुरा हुनेछ । त्यसको लागि प्रयास जारि राख्नु पर्दछ । कि कसो ?

आवश्यकता

आस्था वचत तथा ऋण सहकारी संस्था लि. लाई एक जना Accountant को आवश्यक भएकोले योग्यता पुगेका इच्छुक व्यक्तिलाई जेठ १४ गतेभित्र शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण सहित कार्यालयमा आई दरखास्त दिनु हुन अनुरोध गरिन्छ ।

पद : Accountant – १

योग्यता : BBS उतीर्ण र Computer को ज्ञान भएको

दरखास्त दिने अन्तिम मिति : २०६९ जेठ मसान्त सम्म

आस्था बचत तथा ऋण सहकारी संस्था लि.

नयाँबजार, कीर्तिपुर –१७

फोन नं. ४३३६३९४



उपन्यासकार नजरराम महर्जनया न्हयगूगु (७ औ) नेपालभाषाया उपन्यास "व सु" याकनं पिदनेत्यंगु दु । लंच्चनादिसँ

जनजाति र सरकार वीचको ९ बुँदे सहमति

नेपाल सरकारको वार्ता टोली र आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपाल वीच २०६९ जेठ ९ गते शान्ति तथा पुननिर्माण मन्त्रालयमा भएको सहमतिपत्र

आज मिति २०६९ जेठ ९ गते मंगलबारका दिन सम्माननीय प्रधानमन्त्री एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको समुपस्थितिमा सरकारी वार्ता टोली र आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालको वार्ता टोलीवीच वार्ता एवं छलफलबाट देहाय बमोजिम सहमति गरियो ।

संविधानसँग सम्बन्धित निम्न विषयहरुलाई नेपाल सरकारद्वारा संविधान सभामा प्रवेश गराउने प्रतिवद्धता व्यक्त गरिएको छ ।

१) नेपालको अन्तरिम संविधान (२०६३ धारा १३८ (१क) को व्यवस्था, संविधानसभा, राज्य पुनर्सं रचना तथा राज्यशक्ति बाँडफाँड समिति र प्रमुख दलका नेताहरुको सहमतिमा गठित राज्य पुनर्सं रचना उच्चस्तरीय सुझाव आयोगद्वारा निर्धारित आधार , सिद्धान्त र मापदण्ड एवं विभिन्न आदिवासी जनजाति संघसंस्था तथा दलसँग विभिन्न समयमा राज्य पक्षसँग गरिएको सम्झौता अनुरुप जातीय पहिचानको आधारमा संघीयता सहितको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी नेपालको नयाँ संविधान जारी गराउने ।, २) नयाँ संविधानमा समानुपातिक र समावेशी निर्वाचन प्रणाली अवलम्बन गरी समानुपातिक तर्फ न्यूनतम ६० र प्रत्यक्षतर्फ ४० प्रतिशत व्यवस्था गर्ने ।, ३) राज्यको हरेक अंग र तहमा जाति, समुदाय, लैङ्गिक जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व नयाँ संविधानमा सुनिश्चित गराउने । सीमान्तकृत, अतिसीमान्तकृत तथा अल्पसंख्यक समुदायको हकमा अनिवार्य प्रतिनिधित्वको विशेष व्यवस्था गर्ने ।, ४) नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानलाई आत्मसात गर्दै आत्मनिर्णयको अधिकार, अग्राधिकार, स्वशासन र स्वायत्तता सहितको प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र एवं विशेष क्षेत्र कायम गर्ने ।

सरकारसँग सम्बन्धित विषयहरु

५) आदिवासी जनजाति आन्दोलनको भावनालाई सम्मान गर्दै यस क्रममा गिरफ्तार सबैलाई बिना शर्त तुरुन्त रिहा गर्ने एवं लगाइएका मुद्दाहरु खारेज र आन्दोलनको क्रममा घाईते सबैको सरकारले निःशुल्क उपचार गर्नेछ ।, ६) आन्दोलनको क्रममा भएका थारु संग्रहालय लगायतका क्षतिको स्थानीय प्रशासनबाट लगत लिई पीडित पक्षको सहमतिमा क्षति भए अनुसार आर्थिक सहायता नेपाल सरकारले उपलब्ध गराउनेछ ।, ७) आदिवासी जनजाति संघसंस्था एवं दलहरुसँग हालसम्म भएका सहमतिहरु एवं पूर्व निर्णयहरु कार्यान्वयन गर्ने/ गराउनेछ ।, ८) ब्राम्हण, क्षेत्री र दशनामीलाई आदिवासीको मान्यता दिने सम्बन्धमा आदिवासी जनजातिको विरोधप्रति सरकारको ध्यानाकर्षण भएकोछ ।, ९) आदिवासी जनजाति संयुक्त संघर्ष समिति नेपालले आव्हान गरेको २०६९ जेठ १० गतेसम्म देशव्यापी आमहडताला (नेपाल बन्द) कार्यक्रम फिर्ता लिने ।

नेपाल सरकार वार्ता टोलीका सदस्यहरु :

माननीय टोपवहादुर रायमाझी, माननीय वर्षमान पुन (अनन्त) संयोजक तथा मन्त्री शान्ति तथा पुननिर्माण मन्त्री, अर्थ (विशेष उपस्थिति) माननीय महेन्द्रप्रसाद राय यादव मन्त्री सिचाई, माननीय सूर्यमान गुरुङ मन्त्री स्थानीय विकास ।

आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालको वार्ता टोलीका सदस्यहरु :

मा.सुरेश आले मगर, परशुराम तामाङ, राजकुमार लेखी थारु मा.गोपाल किराती, मा. इन्द्रवहादुर गुरुङ, मा. जीपछिर ङि शेर्पा, मा.पासाङ शेर्पा, मा.कुमार राई, मा.अमर तमू, मा. सूर्यमान दोङ, मा.दिलिप महर्जन, मा. ज्ञानेन्द्र कुमाल, मा.हितमान शाक्य, मा.डा.मंगलसिद्धि मानन्धर, मा.तिर्थर ाम डंगोल, आङकाजी शेर्पा किसान, सोनी लामा, खगेन्द्र माखिम, कृष्ण कुमारी वाइवा, वीर बहादुर लामा, नरेश ताम्राकार, कुमार योन्जन, पृथ्वीमान गुरुङ, नगेन्द्र राई, नर वहादुर गुरुङ, चन्द्रश्रीस मगर, अटलमान राई, मन प्रसाद सुनुवार, अमृतवहादुर सुनुवार, दुर्गा राई, कुम्भराज गुरुङ, उतमसिंङ थाङदेन, चतुरभक्त राई, चन्द्र विक्रम राई, चन्द्रकुमार चौधरी, धनीराम चौधरी, महेन्द्र थापा मगर, हित ब.तामाङ, रामसिं लामा, नगेन्द्र कुमाल, दिलमान पाखिन , बाबुराजा बज्राचार्य, मल्ल के सुन्दर, नरेश वीर शाक्य, मंगल महर्जन, गजेन्द्र मानन्धर, अनुप सिंह सुवाल, के बी घजू, पवनमान श्रेष्ठ, मोहन वहादुर महर्जन, तिर्थलाल महर्जन, प्रेम महर्जन, राजेश शाक्य